जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १११ २०७९ साल मंसिर १२ गते सोमबार (28 Nov. 2022 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

### डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : संसदीय यात्रामा स्वतन्त्र... ३ पृष्ठमा : प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ... ३ पृष्ठमा :उत्तर कोरियालाई विश्वको...

# तीन पार्टीका तीन सप्तरी जिल्ला अध्यक्ष पराजित



रामदेव साह, सभापति
नेपाली काँग्रेस, सप्तरी



उमेशकुमार यादव, अध्यक्ष
माओवादी केन्द्र, सप्तरी



ताराकान्त चौधरी, अध्यक्ष
नेकपा एमाले, सप्तरी

**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मतपरिणामले यस पल्ट धेरैको अनुमानलाई गलत साबित गरिदिएको छ ।

यस निर्वाचनमा बहालवाला मन्त्रीदेखी पूर्वमन्त्री, पार्टीका जिल्ला अध्यक्ष/सभापति तथा पार्टीका उच्च ओहोदामा रहेका व्यक्तिहरु समेत पराजित भएका छन् ।

यसैक्रममा सप्तरीमा नेपाली काँग्रेस, नेकपा एमाले र माओवादी केन्द्रका जिल्ला अध्यक्षहरु पराजित भएका छन् ।

प्रतिनिधिसभा सदस्यका लागि क्षेत्र नं. १ बाट उम्मेदवारी दिएका नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह पराजित भएका छन् । उनले १४ हजार ३ सय १२ मत ल्याई तेश्रो स्थानमा रहे । यस क्षेत्रमा मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह बिजयी भए । उनले २३ हजार ५ सय ६४ मत ल्याए । यसअघि २०७४ को प्रतिनिधिसभा निर्वाचनमा समेत उनी पराजित भई तेश्रो स्थानमा थिए ।

यस्तै प्रतिनिधिसभा क्षेत्र नं. ३ मा नेकपा एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरी पराजय भएका छन् । उनी नेपाली कांग्रेसका केन्द्रिय सदस्य दिनेशकुमार यादवसँग पराजित भएका हुन् । यादवले २६ हजार १ सय ६६ मत ल्याए भने पराजित चौधरीले २२ हजार ३ सय मत प्राप्त गरे । निर्वाचित यादवलाई चौथो पटकको प्रयासमा सफलता मिलेको हो । यसअघि उनी यस क्षेत्रबाट तीन पटक पराजित भएका थिए । २०७० सालको दोश्रो संविधानसभा निर्वाचनमा यादव ताराकान्त चौधरीसँगै पराजित भएका थिए ।

यसैगरि प्रतिनिधिसभा सप्तरी क्षेत्र नं. २ को प्रदेशसभा २ बाट उम्मेदवार दिएका माओवादी केन्द्र सप्तरीका अध्यक्ष उमेशकुमार यादव पनि पराजित भएका छन् । यस क्षेत्रमा जनमत पार्टीका उम्मेदवार महेशकुमार यादव निर्वाचित भए । महेशले १३ हजार ३ सय २५ मत ल्याए भने उमेश यादवले ७ हजार २३ मत प्राप्त गरे । उमेश यादव २०७० सालमा भएको दोश्रो संविधानसभा निर्वाचनमा यसै क्षेत्रबाट संविधानसभा सदस्यमा निर्वाचित हुँदै सिंचाई मन्त्री समेत बनेका थिए ।

# पत्रकार महासंघका पूर्वसचिव साहलाई पितृ शोक



**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

प्रेस युनियन सप्तरीका केन्द्रिय पार्षद एवं नेपाल पत्रकार महासंघ शाखाका पूर्व सचिव अर्जुन प्रसाद साहका पिता भिखारीप्रसाद साहको आइतबार ९० वर्षको उमेरमा निधन भएको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा जारि शोक विज्ञप्तिमा शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक श्रद्धाञ्जली अर्पण गरिएको छ ।

साथै निधन भएका साहको आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवार प्रति सम्वेदना व्यक्त गरिएको छ ।

यसैगरि समाजवादी प्रेस संगठनका जिल्ला अध्यक्ष अनिल पोखरेलद्वारा जारि शोक विज्ञप्तिमा शोकाकुल परिवारप्रति सम्वेदना व्यक्त गर्दै निधन भएका साहको आत्मको चिरशान्तिको कामना गरिएको छ ।

# जनमत पार्टीको जनसम्पर्क कार्यालय खोलिए




**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

जनमत पार्टीले आइतबार राजविराजमा जनसम्पर्क कार्यालय खोलेको छ ।

उक्त कार्यालयको प्रतिनिधिसभा सप्तरी क्षेत्र नं २ का नवनिर्वाचित सदस्य डा. सीके राउतले एक कार्यक्रमबीच उद्घाटन गरेका हुन् ।

राजविराज नगरपालिका वडा नं. ५ स्थित रहेको जनमत पार्टीको जनसम्पर्क कार्यालय क्षेत्र नं. २ को प्रदेशसभा १ र २ दुबैको रहेको प्रदेशसभा सदस्य सतिशकुमार सिंहले जानकारी दिएका छन् ।

यसैबीच प्रदेशसभा २ को १ का प्रदेशसभा सदस्य सिंहले आइतबारै जिल्लामा मलखादको अवस्था बारे जानकारी लिएका छन् ।

उनी कृषि सामाग्रि संस्थाको राजविराजस्थित कार्यालयमा पुगि मलखादको अवस्था र त्यसको अभावमा खेती गर्न किसानहरुलाई पर्ने गरेको समस्या बारे जानकारी समेत लिएका छन् ।

# स्थानियतहका प्रमुखद्वारा मलखादको समस्या समाधान गर्न ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

सप्तरीका स्थानिय तहका प्रमुखहरुले आइतबार जिल्लामा भएको मलखादको अभाव र त्यसलाई समाधान गर्ने बारे स्थानिय प्रशासनमार्फत सरोकारवाला निकायलाई ज्ञापनपत्र बुझाएका छन् ।

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, कृषि मन्त्रालय लगायत अन्य सरोकारबाला निकायमा ज्ञापनपत्र बुझाइएको छिन्नमस्ता गाउँपालिका प्रमुख विद्यानन्द चौधरीले जानकारी दिएका छन् ।

ज्ञापनपत्र बुझाएपछि प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालगायत सुरक्षा निकायहरुसँग बैठकबसी हाल स्टोकमा रहेको मलखाद अविलम्ब बितरण गर्ने निर्णय समेत गरिएको उनले बताए ।

यस्तै जिल्लाका कृषकहरुको माग बमोजिमको मलखाद नदिएकाले सो बिषयमा सप्तरीका चारै क्षेत्रका प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीयतह प्रमुख सहितको बैठक मंसिर १३ गते बसी समस्याको समाधान बारे छलफल गरिने जनाइएको छ ।

बैठकमा स्थानीयतहका प्रमुख, प्रमुख जिल्ला अधिकारी,

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# सत्ता बाहिर बसेर पनि राजनीति गर्न सकिन्छ

सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा यस पटक बहालवाला मन्त्रीदेखी पार्टीका उच्च ओहोदामा रहेका व्यक्तिहरु पराजित भएका छन् । यस पटकको निर्वाचनमा जनताले अधिकांश नयाँ अनुहारहरुलाई रोजेको देखिन्छ । पाँच वर्षको अन्तरालमा हुने निर्वाचनमा जनताले यस पटक नयाँ अनुहारलाई मौका दिएको देखिन्छ । नेपालमा पार्टीहरुको खुल्ने र बन्द हुने कुनै नौलो होइन् । यस निर्वाचनमा पनि झण्डै ५ दर्जन पार्टीले सहभागिता जनाएका छन् । कतिपयले पार्टीले थ्रेस होल्ड समेत कटाउन सकेका छैनन् भने झण्डै एक दर्जन पार्टीले मात्र लाखको संख्यामा पार्टीगत मत पाएको देखिन्छ । अधिकांशले हजारको संख्यामा मात्र नेपालभरिबाट पार्टीगत मत पाएको देखिएको छ ।

पार्टी खोलेर मात्र नभएर जनताको चाहना, आकांक्षा र समग्र विकास गर्ने पार्टी र व्यक्तिप्रति अहिले अधिकांश मतदाताले मतदान गरेको देखिन्छ । मतदाताले यस पटक कुनै प्रलोभनमा नपरि स्वच्छ तरिकाले मतदान गरेको समेत पुष्टि हुँदै गएको छ । राष्ट्रका लागि केही गर्ने पार्टी तथा सत्तामा हुँदा मात्र आफ्ना निम्ति कार्य गर्ने व्यक्तिलाई मतदाताले नकारेका छन् । यस बाहेक केही राष्ट्र राजनीतिमा योगदानका साथै विकासमा लाग्ने र भविष्यमा पनि त्यही अनुरुप चल्ने व्यक्ति पनि पराजित हुन परेको छ । निर्वाचनमा पराजय भएकाहरु प्रतिनिधिसभा वा प्रदेशसभामै पुगेर विकास गर्ने बाहेक बाहिर बसेर पनि विकासका लागि सहयोग गर्नेतर्फ अग्रसर हुनुपर्छ । यो एउटा सिकाईको एक पाटो मात्र हो । यो नै राजनीतिको अन्तिम लडाई नभएर पार्टीलाई सदनबाहिर बसेरै पनि चलाउन सक्ने सक्षमता देखाउने मौका पनि हो ।

तसर्थ निर्वाचनमा पराजय भएकाहरुले त्यसप्रति कुनै आश्चर्य नमानी सत्ता बाहिरै बसेर जनता सेवामा लाग्नु पर्ने आवश्यकता रहेको छ । अबको पाँच वर्ष हरेक जनता समक्ष पुगेर आफू र आफ्नो पार्टीको दुरगामी सोच र विकास बारे छर्लङ्ग पार्न सकिए पक्कै पनि आगामी निर्वाचनमा सफलता मिल्ने छ ।

# संसदीय यात्रामा स्वतन्त्र उम्मेदवारको निरन्तरता

काठमाडौँ, ११ मङ्सिर (रासस) । मुलुकका प्रमुख राजनीतिक शक्ति निर्वाचनको परिणाम आफ्नो पक्षमा ल्याउन गठबन्धन गरे तापनि केही निर्वाचन क्षेत्रमा गठबन्धनलाई पछि पार्दै स्वतन्त्र उम्मेदवार विजयी हुन सफल भएका छन् । प्रतिनिधिसभा र प्रदेशसभाको जारी मतगणनामा हालसम्म प्रतिनिधिसभामा पाँच र प्रदेशसभामा १२ स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

प्रतिनिधिसभातर्फ मोरङ ५ मा योगेन्द्र मण्डल, सर्लाही ४ मा अमरेशकुमार सिंह, रौतहट २ मा किरणकुमार साह, रौतहट ३ मा प्रभु साह र बर्दिया २ मा लालवीर चौधरी निर्वाचित हुनुभएको छ । प्रदेशसभातर्फ मधेस प्रदेशमा सबैभन्दा बढी छ स्वतन्त्र उम्मेदवार विजयी हुनुभएको छ । लुम्बिनीमा तीन, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक/एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ ।

मधेसको सप्तरी २ मा अनिरुद्रकुमार सिंह, महोत्तरी २ मा सुरिताकुमारी साह, सर्लाही १ मा जवाहरलाल कुशवाहा, रौतहट १ मा केशव राय, बारा १ मा शारदा शङ्करप्रसाद कलवार र पर्सा १ मा प्रमोदकुमार जयसवाल निर्वाचित हुनुभएको छ । गण्डकीको मनाङ २ मा राजिव गुरुङ, लुम्बिनीको रुकुमपूर्व १ मा सुरल पुन, रोल्पा २ मा दीपेन्द्रकुमार पुन मगर, नवलपरासी (बर्दघाट सुस्तापश्चिम) १ मा खड्ग बस्नेत, कर्णालीको जुम्ला १ मा देवेन्द्रबहादुर शाही तथा सुदूरपश्चिमको डडेलधुरा २ मा ताराप्रसाद जोशी निर्वाचित हुनुभएको छ ।

विसं २०७४ सालको निर्वाचनमा प्रतिनिधिसभामा एक तथा प्रदेशसभामा तीन वटा प्रदेशमा एक/एक जना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । प्रदेश नं १, मधेस र गण्डकीमा एक/एक जना स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका थिए ।

लोकतान्त्रिक मुलुकमा राजनीतिक दल नै निर्णायक शक्ति भए पनि मुलुकको निर्वाचनको इतिहासमा स्वतन्त्र उम्मेदवारको उपस्थित पनि निरन्तर रहेको देखिएको छ । मुलुकमा प्रजातन्त्रको पुनःबहालीपछि आमनिर्वाचन २०४८ देखि हालसम्मका निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारको उपस्थिति रहँदै आएको देखिएको छ । विसं २०४८ को आवधिक निर्वाचनमा २१९ स्वतन्त्रसहित २० राजनीतिक दलका एक हजार तीन सय ४५ उम्मेदवार प्रतिस्पर्धामा थिए । उक्त निर्वाचनमा तीन स्वतन्त्रसहित दुई सय पाँच जना विजयी भएका थिए ।

सो निर्वाचनमा नेपाली कांग्रेस एक सय १०, नेपाल कम्युनिस्ट पार्टी (एमाले) ६९, संयुक्त जनमोर्चा नौ, नेपाल सद्भावना पार्टी छ, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) तीन, नेपाल मजदुर किसान पार्टी दुई, नेपाल कम्युनिस्ट पार्टी (प्रजातान्त्रिक) दुई, राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) एक र तीन स्वतन्त्र उम्मेदवार विजयी भएको निर्वाचन आयोगको अभिलेखमा देखिन्छ ।

विसं २०५१ को मध्यावधि निर्वाचनमा २४ राजनीतिक दलका तर्फबाट एक हजार ५७ र स्वतन्त्र तीन सय ८५ उम्मेदवार थिए । तीमध्ये राजनीतिक दलका तर्फबाट एक सय ९८ र स्वतन्त्र सात जना निर्वाचित भएका थिए ।

उक्त निर्वाचनमा एमाले ८८, कांग्रेस ८३, राष्ट्रिय प्रजातन्त्र पार्टी २०, नेपाल मजदुर किसान पार्टी चार, नेपाल सद्भावना पार्टी तीन र सात स्वतन्त्र उम्मेदवारले विजय हासिल गरेका थिए ।

विसं २०५६ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४० राजनीतिक दलका तर्फबाट एक हजार छ सय पाँच र स्वतन्त्र छ सय ३३ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । उक्त निर्वाचनमा भने कुनै पनि स्वतन्त्र उम्मेदवार विजयी भएनन् । २०५ सदस्यीय प्रतिनिधिसभाका सबै सदस्य राजनीतिक दलका तर्फबाट निर्वाचित भएका थिए ।

उक्त निर्वाचनमा कांग्रेस एक सय ११, एमाले ७१, राप्रपा ११, नेपाल सद्भावना पार्टी पाँच, राष्ट्रिय जनमोर्चा पाँच, संयुक्त जनमोर्चा एक, र नेपाल मजदुर किसान पार्टीले एक स्थान जितेको थियो ।

विसं २०६४ को संविधानसभा सदस्य निर्वाचनका लागि ७४ राजनीतिक दल दर्ता भएका थिए । तीमध्ये प्रत्यक्षतर्फ ५४ दलका तीन हजार एक सय ३० उम्मेदवारले भाग लिएका थिए । सो निर्वाचनमा प्रत्यक्षतर्फ नेकपा (माओवादी) १२०, कांग्रेस ३७, एमाले ३३, मधेसी जनअधिकार फोरम नेपाल ३०, तराई मधेस लोकतान्त्रिक पार्टी नौ, सद्भावना पार्टी चार, जनमोर्चा नेपाल दुई, नेपाल मजदुर किसान पार्टी दुई, राष्ट्रिय जनमोर्चा एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए ।

विसं २०७० को दोस्रो संविधानसभामा प्रत्यक्षतर्फ कांग्रेस एक सय पाँच, एमाले ९१, एकीकृत नेकपा (माओवादी) २६, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन, मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) चार, मधेसी जनअधिकार फोरम नेपाल दुई, तराई-मधेस लोकतान्त्रिक पार्टी चार, सद्भावना पार्टी एक, नेपाल मजदुर किसान पार्टी एक, तराई-मधेस सद्भावना पार्टी नेपाल एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए ।

विसं २०७४ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ नौ राजनीतिक दल र एक जना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । सो निर्वाचनमा प्रत्यक्षतर्फ एमाले ८०, कांग्रेस २३, माओवादी केन्द्र ३६, राजपा नेपाल ११, सङ्घीय समाजवादी फोरम नेपाल १०, राप्रपा, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र नयाँ शक्ति पार्टी एक/एक तथा एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएका हुन् ।

# निवर्तमान ६० सांसद पराजित

काठमाडौँ, ११ मङ्सिर (रासस) । अघिल्लो प्रतिनिधिसभामा रहेका ६० भन्दाबढी निवर्तमान सांसद प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित हुनुभएको छ ।

संसदीय राजनीतिमा लामो अनुभव रहे तापनि निर्वाचन परिणामले पार्टीको माथिल्लो तहको जिम्मेवारीमा रहनुभएका मुख्य नेतालाई सदनबाहिर रहन बाध्य तुल्याएको छ । संसद्मा यसपटक प्रवेश गर्न नपाउनेमा कतिपय पार्टीका अध्यक्ष, उपाध्यक्ष, महासचिव तथा प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत हुनुहुन्छ ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो, नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, महासचिव शङ्कर पोखरेल र उपमहासचिव प्रदीपकुमार ज्ञवाली निर्वाचनमा पराजित हुनुभयो ।

नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवद्वय गिरिराजमणि पोखरेल र पम्फा भुसाल तथा पूर्वमुख्यमन्त्री शेरधन राईलाई प्रतिनिधिसभाको यस निर्वाचन अफापसिद्ध रह्यो ।

नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का कार्यकारिणी समिति सदस्य अनिलकुमार झा तथा गृहमन्त्री बालकृष्ण खाण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री र युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज, विनाविभागीय राज्यमन्त्री उमेश श्रेष्ठ पनि निर्वाचनमा पराजित हुनुभयो ।

पूर्वसभामुख ओनसरी घर्ती, पूर्वउपसभामुख पुष्पा भुसाल गौतम तथा राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलका लागि पनि यसपटकको निर्वाचन फलदायी हुन सकेन । अघिल्लो प्रतिनिधिसभा सदस्य अञ्जना विशङ्खे, अभिषेकप्रताप शाह, कृष्णकुमार राई, कृष्णभक्त पोखरेल, गणेश ठगुन्ना, गौरीशङ्कर चौधरी, गङ्गा चौधरी (सत्गौवा), घनश्याम भुसाल, चक्रपाणी खनाल, चित्रलेखा यादव, झपटबहादुर रावललाई निर्वाचन परिणामले निरासा तुल्यायो ।

निवर्तमान सांसद देवेन्द्रराज कँडेल नवराज सिलवाल, निरुदेवी पाल, प्रमोद साह, बृजेशकुमार गुप्ता, भरतकुमार शाह, भानुभक्त ढकाल, भीमसेनदास प्रधान, भूमिप्रसाद त्रिपाठी र महेश्वर बस्नेतका लागि निर्वाचन फलामको च्युरा बन्यो ।

अघिल्लो प्रतिनिधिसभामा रहनुभएका मातृकाप्रसाद यादव, मोहम्मद इस्तियाक राई, यज्ञराज सुनुवार, रघुवीर महासेठ, राजेन्द्रप्रसाद गौतम, राजेन्द्रप्रसाद श्रेष्ठ, रामकुमारी झाँक्री, रामवीर मानन्धरलाई पनि निर्वाचन कष्टप्रद रह्यो । जनता प्रगतिशील पार्टी नेपालका हृदयेश त्रिपाठीलाई पनि यस निर्वाचनले सदन प्रवेशमा धक्का लगायो ।

पूर्वमन्त्री लक्ष्मणलाल कर्ण, लालबाबु पण्डित, सुजाता कोइराला, लेखराज भट्ट, विजयकुमार गच्छदार, बीना मगर, विरोध खतिवडा, सोमप्रसाद पाण्डेय, शेरबहादुर तामाङ तथा पूर्वसांसदहरू विजय सुब्बा, विशाल भट्टराई सूर्यप्रसाद पाठक र कोमल वलीका लागि पनि यो निर्वाचन बाधक रहन पुग्यो ।

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ । प्रतिनिधिसभातर्फ हालसम्म एक सय ५६ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भएको छ । निर्वाचन आयोगका अनुसार हालसम्म कांग्रेसले ५३ स्थानमा जित निकाल्दै आफ्नो अग्रता कायमै राखेको छ । एमाले ४१, माओवादी केन्द्र १७, एकीकृत समाजवादी १०, राष्ट्रिय स्वतन्त्र पार्टी सात, जसपा छ, स्वतन्त्र पाँच, लोसपा पाँच र नागरिक उन्मुक्ति पार्टी तीन स्थानमा विजयी भएको छ ।

# मधेसबाट माओवादीको निर्वाचन चिह्न जोगाउने राय

जनकपुरधाम, ११ मङ्सिर (रासस) । मधेस प्रदेशबाट प्रतिनिधिसभा सदस्यमा नेकपा (माओवादी केन्द्र)को निर्वाचन चिह्न जोगाउने महेन्द्र राय यादव एक्लो सांसद हुनुभएको छ ।

माओवादी केन्द्रले मधेस प्रदेशका चार क्षेत्रमा उम्मेदवारी दिएकामा सबै क्षेत्रको परिणाम आउँदा उहाँमात्रै निर्वाचित हुनुभएको छ । सर्लाही दुईबाट सत्ता गठबन्धनकै सहयात्री दल लोकतान्त्रिक समाजवादीका वरिष्ठ नेता राजेन्द्र महतोलाई पराजित गर्दै राय निर्वाचित हुनुभएको हो । रायले २३ हजार पाँच सय २९ मत पाउँदा महतोले २१ हजार पाँच सय १८ मत प्राप्त गर्नुभयो ।

मधेस प्रदेशमा माओवादीले धनुषा-१, महोत्तरी-१, सिरहा-३ र सर्लाही-२ मा उम्मेदवारी दिएको थियो । धनुषा-१ मा पार्टीका उपमहासचिव मातृका यादव जनता समाजवादी पार्टीका दीपक कार्कीसँग पराजित हुनुभएको छ । महोत्तरी-१ मा उपमहासचिव गिरिराजमणि पोखरेल नेकपा (एमाले) नेता लक्ष्मी महतो कोइरीसँग र सिरहा-३ मा विश्वनाथ साह एमाले नेता लीलानाथ श्रेष्ठसँग पराजित हुनुभयो ।

विसं २०७४ मा राष्ट्रिय जनता पार्टीबाट सोही क्षेत्रबाट

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रतिनिधिसभामा प्रत्यक्षतर्फ निर्वाचित महिला उम्मेदवार

काठमाडौं, ११ मङ्सिर (रासस)। देशभर प्रतिनिधिसभा प्रत्यक्षतर्फ दुई हजार चार सय २२ उम्मेदवार कायम रहेका मध्ये महिला उम्मेदवार दुई सय २५ जना रहेका थिए। मतगणनाको अन्तिम नतिजा आइसक्दा अहिलेसम्म आठ जना महिला, प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुन सफल भएका छन्।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ सबैभन्दा धेरै महिला उम्मेदवार उठाएको बताउने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वप)बाट १२ जना महिला उम्मेदवार थिए। रास्वप बाट दुई जना महिला निर्वाचित भएका छन्। नेपाल कम्युनिष्ट पार्टी (नेकपा एमाले)का ११ महिला उम्मेदवारमा तीन जना निर्वाचित भएका छन्। नेपाली कांग्रेसका पाँच महिला उम्मेदवारमा एक र नेकपा माओवादी केन्द्रका सात महिला उम्मेदवारमा एक जना निर्वाचित भएका छन्। यस्तै नागरिक उन्मुक्ति पार्टीका एक महिला प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ निर्वाचित भइसकेका छन्।

**डा तोसिमा कार्की (ललितपुर-३)**

प्रतिनिधिसभा सदस्यमा नयाँ अनुहारमा ललितपुर निर्वाचन क्षेत्र नं ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार डा तोसिमा कार्की प्रवेश गर्नुभएको छ। उहाँले ३१ हजार एक सय २६ मतसहित विजय प्राप्त गर्नुभएको निर्वाचन अधिकृत धर्मराज पौडेलले जानकारी दिनुभयो। उहाँले आफना निकटतम प्रतिद्वन्द्वी एमालेका अमृत खड्का लाई पराजित गर्दै विजय हुनुभएको हो।

उहाँ पेसाले पाटन अस्पतालमा चिकित्सक (जनरल सर्जन) हुनुहुन्छ। ललितपुर महानगरपालिका-१८ नख्खुखोला मार्ग निवासी डा तोसिमाले कक्षा १० सम्मको अध्ययन स्थानीय शहीद धर्मभक्त विद्यालयमा भएको थियो। मोडर्न इन्डियन स्कुल, चोभारबाट कक्षा १२ तथा किष्ट मेडिकल कलेज, ललितपुरबाट एमबिबिएससम्मको अध्ययन पूरा गर्नुभएको हो।

काठमाडौं विश्वविद्यालयबाट जनरल सर्जरीमा मास्टर्स तोसिमा नेपाल मेडिकल काउन्सिलको निर्वाचित केन्द्रीय सदस्य हुनुहुन्छ। भूकम्पमा सिन्धुपाल्चोकको बतासे, रामेछाप, नुवाकोटको साल्मे, ललितपुरको ठूलादुर्लुङलगायतका स्थानमा स्वास्थ्य तथा राहत शिविरको नेतृत्व गर्नुभएकी तोसिमा सामाजिक न्यायका अभियान र भ्रष्टाचारविरुद्धका आन्दोलनमा समेत सक्रिय रहेको बताउनुहुन्छ।

**सोविता गौतम (काठमाडौं-२)**

राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचित सोविता गौतम काठमाडौं निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित हुनुभएको छ। २७ वर्षीया गौतम सबैभन्दा कान्छी प्रतिनिधिसभा सदस्य बन्नुभएको हो। उहाँ पन्ध्र हजार दुई सय ३८ मतसहित निर्वाचित हुनुभएको हो। दोलखा तामाकोसी गाउँपालिका स्थायी घर भएकी गौतम परिवारसँग काठमाडौं बस्दै आउनुभएको छ।

कानुनमा स्नातक गौतमले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा कानुनी सल्लाहाकारको रूपमा काम गर्दै आउनुभएको छ। गौतमसँग सामाजिक सङ्घसंस्थासँगै नेपाल टेलिभिजनमा कार्यक्रम प्रस्तोताको समेत अनुभव छ।

**जुलीकुमारी महतो (धनुषा-३)**

धनुषा जिल्ला निर्वाचन क्षेत्र नम्बर ३, प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा नेकपा (एमाले)की जुलीकुमारी महतो निर्वाचित हुनुभएको छ। उहाँले ३३ हजार तीन सय ८८ मतसहित विजयी हुनुभएको छ। पाँच दलीय गठबन्धनका लोकतान्त्रिक समाजवादी पार्टीका अनिलकुमार झालाई पराजित गर्दै उहाँ तेस्रो पटक निर्वाचित हुनुभएको हो। ४६ वर्षीया महतो यसअघि समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुभएको थियो। तीन दशकदेखि राजनीतिमा क्रियाशील उहाँले संसदीय यात्रा भने २०६४ बाट सुरु भयो। संविधानसभा सदस्य निर्वाचन २०६४ मा एमालेबाट समानुपातिक सदस्यमा निर्वाचित हुनुभएको थियो। संविधानसभा सदस्य निर्वाचन २०७० मा धनुषा ३ मा पराजित हुनुभएको थियो। ०७४ मा पुन समानुपातिक सदस्य निर्वाचित हुनुभयो।

जनकपुर उपमहानगरपालिका-९ की स्थायी बासिन्दा उहाँको राजनीतिक यात्रा अनेरास्ववियुबाट सुरु भएको हो। वि.सं २०४६ देखि २०४८ सालसम्म जनसेवा माविको सचिवको जिम्मेवारीमा रहनुभएकी उहाँले २०५२ मा विवाहपछि श्रीमान् रघुवीर महासेठको प्रेरणाले राजनीतिमा लागेको बताउँदै आउनुभएको छ। एमालेको जिल्ला कमिटी सदस्य, राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य र पार्टीको जनकपुर अञ्चल कमिटी सदस्य हुँदै ०७४ मा केन्द्रीय सदस्य बन्नुभयो। उहाँ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीसमेत बन्नुभएको थियो।

**विद्या भट्टराई (कास्की-२)**

कास्की निर्वाचन क्षेत्र नम्बर-२ बाट नेकपा (एमाले)की विद्या भट्टराई निर्वाचित हुनुभएको छ। उहाँले १६ हजार नौ सय ९८ मतसहित निर्वाचित हुनुभएको हो। निकटतम प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टीका माधवप्रसाद कँडेललाई पराजित गर्दै उहाँ विजयी हुनुभएको हो।

कास्की भरतपोखरी स्थायी घर भएकी भट्टराई स्व रवीन्द्र अधिकारीकी श्रीमती हुनुहुन्छ। ४९ वर्षीया भट्टराई प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ कास्की जिल्ला निर्वाचन क्षेत्र नं-२ बाट भएको भएको हो। २०४६ सालबाट विद्यार्थी राजनीति सुरु गर्नुभएको भट्टराईको संसदीय यात्रा भने सङ्घीय संसद् प्रतिनिधिसभा सदस्य उपनिर्वाचन मा कास्की-२ बाट निर्वाचित भएर सुरु भयो। उहाँले एमफिलसम्म अध्ययन गर्नुभएको छ।

झण्डै १७ वर्ष शिक्षण पेसामा आबद्ध उहाँले त्रिभुवन विश्वविद्यालयको स्थायी सेवा छाडेर श्रीमान् रवीन्द्र अधिकारीको निधनपछि उपनिर्वाचनमा उम्मेदवार बन्नुभएको थियो। अनेरास्ववियु महिला विभाग प्रमुखका रूपमा २०५० सालमा चार वर्ष जिम्मेवारी सम्हाल्नुभएको उहाँले २०५५ मा केन्द्रीय सदस्य हुँदै एमाले काठमाडौंको महिला कमिटी सचिव बन्नुभयो।

**रेखा शर्मा (दाङ-२)**

दाङ जिल्ला निर्वाचन क्षेत्र नं २ मा नेकपा (माओवादी केन्द्र)की रेखा शर्मा निर्वाचित हुनुभएको छ। छब्बीस हजार आठ सय ८० मतसहित निर्वाचित हुनुभएको शर्माले निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेललाई पराजित गरेर उहाँ निर्वाचित हुनुभएको हो।

५३ वर्षीया शर्मा पहिलोपटक २०७० मा संविधानसभा सदस्यमा समानुपातिकतर्फ निर्वाचित हुनुभएको थियो। माओवादी केन्द्रबाट समानुपातिकमा सदस्य बन्नुभएको उहाँले ०७४ मा पनि समानुपातिक प्रणालीबाटै निर्वाचित हुनुभयो। उहाँ सामान्य प्रशासनमन्त्री, राज्य व्यवस्था तथा सुशासन समिति सदस्य, पार्टीको संसदीय दलको सचेतकसमेत बन्नुभयो।

घोराही उपमहानगरपालिका १८, दाङको स्थायी बासिन्दा शर्माले २०४२ सालमा अनेरास्ववियुबाट विद्यार्थी राजनीति सुरु गर्नुभएकोहो। उहाँले अनेमसङ्घ क्रान्तिकारीको अध्यक्ष हुँदै २०५५ मा पार्टीको केन्द्रीय सदस्य बन्नुभयो। सशस्त्र द्वन्द्वको समयमा २०५८ सालमा एक वर्ष सैनिक हिरासतमा समेत बस्नुभयो।

**ज्वालाकुमारी साह (बारा-३)**

बारा निर्वाचन क्षेत्र नं ३ मा नेकपा (एमाले)की ज्वालाकुमारी साह निर्वाचित हुनुभएको छ। बीस हजार दुई सय ५१ मतसहित निर्वाचित हुनुभएकी साहले निकटतम प्रतिस्पर्धी जसपा नेपालका रामबाबुकुमार यादवलाई पराजित गर्नुभएको छ।

जीतपुर सिमरा उपमहानगरपालिका-१६ की स्थायी बासिन्दा साहले २०५४ सालदेखि भूमिगतरूपमा नेकपा (माओवादी केन्द्र)को विद्यार्थी राजनीति यात्रा थालनी गर्नुभएको थियो। संसदीय यात्रा भने पहिलो संविधानसभामा मनोनित सदस्यका रूपमा सुरु भयो। ०७४ मा मधेस प्रदेशको प्रदेशसभा निर्वाचन क्षेत्र नं-३, क, मा निर्वाचित हुनुभएको थियो। ४१ वर्षीया साह संवैधानिक राजनीति समितिको सदस्य, भूमिसुधार राज्यमन्त्री र पर्यटन राज्यमन्त्रीका साथै १३ दिनको छोटो समयका लागि कृषिमन्त्रीसमेत बन्नुभयो।

**रञ्जिता श्रेष्ठ (कैलाली-१)**

कैलाली-१ मा प्रतिनिधिसभातर्फ नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार रञ्जिता श्रेष्ठ प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। तीस हजार चार सय चार मतसहित निर्वाचित हुनुभएको श्रेष्ठले प्रतिस्पर्धी नेपाली कांग्रेसका रामजनम चौधरीलाई पराजित गर्नुभयो।

पूर्वसांसद रेशमलाल चौधरीकी श्रीमती श्रेष्ठ नागरिक उन्मुक्ति पार्टीको अध्यक्षसमेत हुनुहुन्छ। टीकापुर घटनामा दोषी ठहर भई हाल जेल जीवन बिताइरहेका श्रीमान्लाई अघिल्लो निर्वाचनमा सहयोग गर्नुभएको श्रेष्ठ यस पटक आफैं निर्वाचन मैदानमा उत्रिनुभएको थियो।

**सीता गुरुङ (तेह्रथुम-१)**

तेह्रथुम निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसकी उम्मेदवार सीता गुरुङ प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। निर्वाचन आयोगको मतपरिणामअनुसार गुरुङले १९ हजार ७०२ मतसहित प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। उहाँले प्रतिस्पर्धी नेकपा (एमाले)का विजय सुब्बालाई पराजित गर्नुभएको छ।

वि.सं ०७४ मा भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्रीसमेत भएकी गुरुङले ०७४ को निर्वाचनमा एमालेका भवानीप्रसाद खापुङसँग पराजित हुनुभएको थियो। त्यसअघि गुरुङ दुवै पटकको संविधानसभा सदस्यमा समानुपातिकबाट निर्वाचित हुनुभएको थियो।

तेह्रथुम इवा नगरपालिकाकी स्थायी बासिन्दा गुरुङको राजनीतिक यात्रा वि.सं २०४६ बाट सुरु भयो। नेविसङ्घ जिल्ला सचिव, तरुण दल जिल्ला कोषाध्यक्ष, नेपाल महिला सङ्घको जिल्ला सभापति हुँदै नेपाल महिला सङ्घको केन्द्रीय सदस्य र सचिव बन्नुभयो। ०६७ मा कांग्रेसको केन्द्रीय सदस्य बन्नुभएको उहाँ ०७८ सालमा केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो।

## मधेसबाट ...

निर्वाचित राय अहिले पनि माओवादी होइनन्। उहाँ डा बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीको अध्यक्ष हुनुहुन्छ। पार्टी फरक भए पनि उहाँ यसपटक गठबन्धनका कारण माओवादी केन्द्रको चुनाव चिह्न हसियाँ हथौडा लिएर चुनावमा होमिनु भएको थियो।

**को हुन राय ?**

राय नेपाली राजनीतिको परिचित नाम हो। वि.सं २०६२/६३ अघिसम्म एमालेबाट राजनीति गर्नुभएका राय सो पार्टीको केन्द्रीय सदस्यसमेत बन्नुभयो। सोही पार्टीबाट २०५१ को मध्यावधि निर्वाचन र २०५६ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनेर सर्लाहीबाट निर्वाचित हुनुभयो।

तर २०६२/६३ को आन्दोलनपछि एमाले परित्याग गरी तराई-मधेस लोकतान्त्रिक पार्टी स्थापना गरेर त्यसको महासचिव बन्नुभयो। राजनीतिक घटनाक्रमले मधेसवादी दल जुट्न र फुट्न थालेपछि उहाँ तमलोपा परित्याग गरी तराई मधेस सद्भावना पार्टी हुँदै राष्ट्रिय जनता पार्टीको अध्यक्षमण्डलको सदस्यसमेत हुनुभयो। पछि राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी फोरम एकीकरण गरी बनेको जनता समाजवादी पार्टी हुँदै अहिले नेपाल समाजवादी पार्टीको आवद्ध हुनुहुन्छ।

राय २०६४ र २०७० को संविधानसभा सदस्य निर्वाचनमा पनि सर्लाही-४ बाट विजयी हुनुभएको थियो। संविधान निर्माणपछिको पहिलो आमनिर्वाचन २०७४ मा पनि उहाँ सर्लाही-२ बाट निर्वाचित हुनुभयो। उहाँ २०५४ मा राज्यमन्त्री, २०६४ मा सिँचाइमन्त्री, २०६७ मा उद्योगमन्त्री र २०७४ को निर्वाचनपछि कृषि तथा पशुपक्षी विकासमन्त्री बन्नुभएको थियो।

## विश्व समाचार

### उत्तर कोरियालाई विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति बनाउने किमको दावी

सियोल, ११ मङ्सिर (रासस/एएफपी)।

उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो देश विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति केन्द्र बन्ने लक्ष्य राखेको बताउनुभएको छ। प्योङयाङले अहिलेसम्मकै सबैभन्दा शक्तिशाली क्षेप्यास्त्र परीक्षण गरेको र यो अमेरिकी मुख्य भूमिमा पुग्न सक्ने विश्वास गरिएको उत्तर कोरियाली अधिकारीले दावी गरेका छन्। नेता किमले ह्वासोङ-१७ को सफलताका लागि १०० भन्दा बढी सम्बन्धित अधिकारी र वैज्ञानिकलाई पदोन्नति पनि गर्नुभएको छ।

नयाँ आईसीबीएमलाई 'विश्वको सबैभन्दा बलियो रणनीतिक हतियार' भन्दै किमले उत्तर कोरियाली वैज्ञानिकले ब्यालेस्टिक क्षेप्यास्त्रमा आणविक हतियार राख्ने प्रविधिको विकासमा आश्चर्यजनक फड्को मारेको बताउनुभएको छ।

राज्य, जनताको गरिमा र सार्वभौमिकताको रक्षाका लागि आणविक शक्तिको निर्माण गर्नु 'सबैभन्दा ठूलो, सबैभन्दा महत्वपूर्ण प्रगतिको कारण हो र यसको अन्तिम लक्ष्य विश्वको सबैभन्दा शक्तिशाली रणनीतिक शक्ति बन्नु हो। यस शताब्दीमा अभूतपूर्व पूर्णशक्तिलाई कब्जा गर्नु हो," किमलाई उद्धृत गर्दै केसीएनएले उल्लेख गरेको छ।

वैज्ञानिकले प्योङयाङको 'विश्वको सबैभन्दा बलियो सेना निर्माण गर्ने लक्ष्य' विश्वसामु प्रदर्शन गरेको किमले बताउनुभयो। नयाँ ह्वासोङ-१७ आइसिबीएमको लन्चिङ भेहिकललाई 'उत्तर कोरियाको हिरो'को उपाधि प्रदान गरिएको केसीएनएको रिपोर्टमा उल्लेख छ।

'यसले उत्तर कोरिया पूर्णआणविक शक्ति हो भन्ने कुरा विश्वसामु स्पष्टरुपमा प्रमाणित गरेको छ,' प्रतिवेदनमा भनिएको छ। रिपोर्टमा थप भनिएको छ, "उत्तर कोरियाले सबैभन्दा शक्तिशाली आईसीबीएम राष्ट्रको रूपमा आफ्नो शक्ति प्रदर्शन गरेको छ।"

कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका होङ मिनले ह्वासोङ-१७ को परीक्षणलाई उत्तर कोरियाले आफुलाई प्रमुख आणविक शक्तिका रूपमा स्थापित गर्ने उद्देश्यले गरेको बताउनुभयो।

"यदि सन् २०१७ मा ह्वासोङ-१५ को प्रक्षेपण आणविक हतियारले अमेरिकी मुख्य भूमिलाई खतरामा पार्न सक्ने राष्ट्र बन्नमा केन्द्रित थियो भने पछिल्लो क्षेप्यास्त्र सबैभन्दा शक्तिशाली आईसीबीएम राज्य बन्नमा केन्द्रित छ," उहाँले थप्नुभयो।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सन् २००६ यता उत्तर कोरियाको आणविक तथा क्षेप्यास्त्र गतिविधिका कारण उत्तर कोरियामाथि प्रतिबन्ध लगाउने झण्डै एक दर्जन प्रस्ताव पारित गरिसकेको छ। तर उत्तर कोरियाले प्रतिबन्धको बेवास्ता गर्दै आफ्ना आणविक कार्यक्रमलाई निरन्तरता दिँदै आएको देखिन्छ।

### हिन्दी भाषालाई देशव्यापीरूपमा प्रयोग गर्ने प्रस्तावको विरोधमा एक भारतीयद्वारा आत्मदाह

नयाँदिल्ली, ११ मङ्सिर (रासस/एएफपी)।

हिन्दी भाषालाई देशव्यापीरूपमा प्रयोग गर्ने नयाँ दिल्लीको प्रयासको विरोधमा दक्षिण भारतमा एक ८५ वर्षीय व्यक्तिले आत्मदाह गरेको प्रहरीले आइतबार जनाएको छ।

दक्षिणी राज्य तमिलनाडुका कृषक एमभी थङ्गावेलले पेट्रोल र मट्टितेलमा डुबाएर आत्मदाह गरेका हुन्। उनले तमिल भाषाको प्लेकार्ड बोकेका थिए, जसमा लेखिएको थियो, "मोदी सरकारले हिन्दी थोपर्न बन्द गर। हामीले हाम्रो साहित्यले भरिपूर्ण तमिलभन्दा हिन्दीलाई किन रोज्नुपर्‍यो? यसले हाम्रा युवाहरूको भविष्यलाई असर गर्नेछ।"

सयौं भाषा र बोली बोलिने भारतमा भाषा एक भावनात्मक मुद्दा हो, तर अङ्ग्रेजी मुख्य आधिकारिक माध्यमको रूपमा काम गर्दछ जबकि राज्य सरकारले क्षेत्रीय भाषाहरू प्रयोग गर्छन्।

सन् २०११ को पछिल्लो जनगणनाअनुसार आधाभन्दा कम भारतीय नागरिकले हिन्दी बोल्छन्। गत महिना भारतीय जनता पार्टीका नेता तथा गृहमन्त्री अमित शाहको नेतृत्वमा सांसदको एक समूहले चिकित्सा र इन्जिनियरिङजस्ता प्राविधिक शिक्षासहित हिन्दीलाई राष्ट्रिय आधिकारिक भाषा बनाउन सुझाव दिएको थियो। हिन्दू राष्ट्रवादी प्रधानमन्त्री नरेन्द्र मोदीले अङ्ग्रेजी भाषाको प्रयोगको सट्टा भारतीय भाषाको प्रयोगमा जोड दिँदैआउनुभएको छ। विपक्षीले उहाँको सरकारले हिन्दी थोपर्न खोजेको आरोप लगाएको छ। यसै कारण दक्षिण भारतमा विशेष आक्रोश उत्पन्न भएको छ।

थाङ्गावेलले शनिबार तमिलनाडुको सत्तारुढ डीएमके पार्टीको सलेमस्थित एक कार्यालयबाहिर केन्द्र सरकारको प्रस्तावको विरोधमा प्रदर्शन गरेका थिए। मोदी सरकारको भाषा नीतिको आलोचना गर्ने पार्टीका नेता एमके स्टालिनले थङ्गावेलको परिवारप्रति समवेदना प्रकट गर्दै यस विषयले अन्यलाई यस्ता चरम विरोध प्रदर्शनबाट जोगिन आग्रह गर्नुभएको छ।

उहाँले केन्द्र सरकारले भाषा विभेदी नीति ल्याएको विरोध गर्दै भन्नुभयो, "यसका लागि हामीले अर्को जीवन गुमाउनु हुँदैन।" यसअघि सन् १९६० को दशकमा तत्कालीन सत्तारुढ काङ्ग्रेस पार्टीले हिन्दीभाषालाई आधिकारिक राष्ट्रिय भाषा बनाउन खोजेपछि दक्षिण भारतमा आक्रोश उत्पन्न भएको थियो।

# मधेस प्रदेशसभामा नयाँ-पुराना अनुहारको मिश्रण

धनुषा, ११ मङ्सिर (रासस)।

मधेस प्रदेशसभामा यसपटक केही पुराना र केही नयाँ अनुहारलाई जनताले जनप्रतिनिधिका रुपमा पठाएका छन्। फरक दल, फरक समुदाय, फरक उमेर र फरक वर्गको प्रतिनिधित्व मधेस प्रदेशसभामा देखिने भएको छ।

प्रदेशसभामा प्रत्यक्ष निर्वाचित ६४ जना र समानुपातिक ४३ जना गरी जम्मा एक सय सात सदस्यीय सांसद चुनिने व्यवस्था रहको छ। अघिल्लो निर्वाचनमा चुनिएका कतिपय सांसद यसपटक पनि पुनःदोहोरिएका छन्भने संसद्को पहिलो अनुभव लिन नयाँ अनुहारको समेत उल्लेख्य सङ्ख्यामा प्रदेशसभामा प्रवेश पाउने भएको छ।

एक कार्यकाल मुख्यमन्त्रीका रुपमा सरकार सञ्चालन गरी सक्नुभएको लालबाबु राउत फेरि दोहोरिनुभएको छ। जनता समाजवादी पार्टी (जसपा) का केन्द्रीय नेतासमेत रहनुभएको उहाँ पर्सा क्षेत्र नं १ (२) बाट निर्वाचित हुनु भएको छ।

कांग्रेस नेता रामसरोज यादव धनुषा क्षेत्र नं ३ (१) बाट फेरि प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको छ। रामसरोज यसअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्रीसमेत भइसक्नु भएको छ। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेता जितेन्द्र सोनल पनि बारा क्षेत्र नं ४ (२) बाट दोस्रो पटक निर्वाचित हुनुभएको छ। सोनल मधेस प्रदेशमा भौतिक पूर्वाधार तथा विकासमन्त्री भइसक्नुभएको छ।

त्यस्तै पर्सा क्षेत्र नं २ (२) बाट लोसपाकै रमेशप्रसाद कुर्मी पनि फेरि निर्वाचित हुनु भएको छ। उहाँ २०७४ को निर्वाचनमा तत्कालीन राजपाबाट निर्वाचित हुनु भएको थियो। पर्साकै क्षेत्र नं ४ (१) बाट कांग्रेसका शङ्करप्रसाद चौधरी पनि दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको छ। दोस्रो पटक निर्वाचित हुनुहुनेमा रौतहट-४ (२) बाट जसपाका शेष अबुल कलाम आजाद पनि पर्नुहुन्छ।

यसैगरी सर्लाहीबाट चार जना प्रदेश सांसद दोस्रो पटक निर्वाचित हुनु भएको छ। सर्लाही क्षेत्र नं १ (१) बाट लोसपाका उपेन्द्र महतो र (२) बाट वेंची लुङेली, क्षेत्र नं ३ (२) बाट जसपाका सञ्जयकुमार यादव तथा क्षेत्र नं ४ (१) बाट कांग्रेसका वीरेन्द्रप्रसाद सिंहले प्रदेशसभामा पुनः निर्वाचित भई सिट सुरक्षित गर्नुभएको छ। कांग्रेसका सिंह यसअघि प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रीसमेत भइसक्नु भएको छ।

त्यस्तै महोत्तरी क्षेत्र नं ३ (१) मा लोसपाबाट उम्मेदवार बन्नुभएका अभिराम शर्मा र ३ (२) बाट रानी शर्मा पुनःनिर्वाचित हुनु भएको छ। अभिराम शर्माले सामाजिक विकास राज्यमन्त्री को समेत जिम्मेवारी सम्हाली सक्नुभएको छ। उहाँले मधेस प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रिनु भएको जसपाका दीपेन्द्र झालाई झिनो मतले पराजित गर्नुभएको हो। धनुषा क्षेत्र नं २ (२) मा जसपाका रामाशिष यादव पनि दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको छ। सप्तरी क्षेत्र नं ३ (१) मा कांग्रेसका मोहम्मद समिम पनि दोस्रो पटक निर्वाचित हुनुभएको छ।

**केही नयाँ अनुहार**

पर्सा क्षेत्र नं १ (१) बाट निर्वाचित माओवादी केन्द्रका रहवर अन्सारी, पर्सा क्षेत्र नं २ (१) बाट निर्वाचित कांग्रेसका श्यामप्रसाद पटेल, पर्सा क्षेत्र नं ३ (२) बाट जित्नु भएको कांग्रेसका जनार्दन सिंह क्षेत्रीको प्रदेशसभामा यो पहिलो यात्रा हो। यस्तै बारा क्षेत्र नं ३ (१) बाट निर्वाचित एमालेको रवीन्द्र दास श्रेष्ठ, बाराकै क्षेत्र नं ४ (१) बाट निर्वाचित एमालेका देवनारायण थारू पनि प्रदेशसभाका लागि नयाँ हुनुहुन्छ।

रौतहटमा प्रदेशसभामा निर्वाचित सातमध्ये छ नयाँ हुनुहुन्छ क्षेत्र नं १ (१) बाट नागेन्द्र साह र (२) बाट कृष्णप्रसाद यादव निर्वाचित निर्वाचित हुनु भएको छ। कांग्रेसका दुवै नेताको पनि यो प्रदेशसभाको पहिलो यात्रा हो। कृष्ण यादव कांग्रेसका प्रदेश सभापति पनि हुनुहुन्छ। क्षेत्र नं २ (१) मा एमालेका मोहम्मद जैद आलम, क्षेत्र नं २ (२) बाट निर्वाचित कनिश पटेल, क्षेत्र नं ३ (१) मा स्वतन्त्र उम्मेदवार केशव राय र क्षेत्र नं ४ (१) मा निर्वा- चित माओवादीका युवराज भट्टराई पनि नयाँ हुनुहुन्छ।

यसैगरी सर्लाही-४ (२) मा माओवादीका फकिरा महतो र धनुषा-२ (१) मा एमालेका लखन दास तत्मा निर्वाचित हुँदै पहिलो पटक सांसद बन्नुभएको छ। सप्तरीका छ स्थानको नतिजा आउँदा प्रदेशसभा पुग्ने पाँच नयाँ हुनुहुन्छ। यसमध्ये चार जनमत पार्टीका हुनुहुन्छ। क्षेत्र नं ३ (२) मा शम्भुकुमार साह, क्षेत्र नं २ (१) मा सतिशकुमार सिंह, क्षेत्र नं २ (२) मा महेशप्रसाद यादव र क्षेत्र नं १ (२) मा सकिल मियाँ निर्वाचित हुनुभएको छ। क्षेत्र नं १ (१) मा जित्नु भएको एमालेका राजकुमार लेखी पनि नयाँ नै हुनुहुन्छ। लेखीसँग यसअघि प्रदेश सरकारको नीति तथा योजना आयोगमा सदस्य भएर काम गरेको अनुभव छ।

**मन्त्री पराजित**

विसं २०७४ मा निर्वाचित भई प्रदेशका महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालु भएका केही मन्त्रीले भने यसपटकको निर्वाचनमा पराजय व्यहोर्नु परेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय हुँदै हाल अर्थमन्त्री रहनु भएका शैलेन्द्र साह सप्तरी क्षेत्र नं २ (१) मा पराजित हुनुभएको छ।

यस्तै पाँच वर्षसम्म भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री रह्नु भएका योगेन्द्र राय यादव पनि पराजित हुनु भएको छ। उहाँ रौतहट-१ (२) मा उम्मेदवार हुनुहुन्थ्यो। प्रदेश मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर निर्वाचनमा होमिएका दीपेन्द्र झा पनि पराजय व्यहोर्नु परेको छ।

# समानुतिकतर्फ ८० प्रतिशत मतगणना

काठमाडौँ, ११ मङ्सिर (रासस)।

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फ हालसम्म करिब ८० प्रतिशत मतगणना सम्पन्न भएको छ।

सम्पन्न भएको मतगणनाको विवरण निर्वाचन आयोगको सूचना प्रणाली र समानुपातिक प्रणालीको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा अभिलेख हुने क्रम जारी रहेको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो। निर्वाचनका लागि कूल मतदाता एक करोड ७९ लाख आठ हजार आठ सय ५० रहेकामा प्रारम्भिक विवरणमा ६१ प्रतिशत मत खसेको अनुमान गरिएकामा सोको ८० प्रतिशत मतगणना हुँदा अब करिब २४ लाख मत उक्त प्रणालीतर्फ गणना हुन बाँकी छ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सय ६५ स्थानमध्ये हालसम्म एक सय ४४ क्षेत्रको मतपरिणाम आयोगको प्रणालीमा प्रविष्ट भइसकेको छ। हाल गणना भइरहेका छ निर्वाचन क्षेत्रको सोमबारसम्ममा सम्पन्न हुने आकलन गरिएको छ। बाजुराको बूढीनन्दा नगरपालिका-५ स्थित नन्देश्वरी मावि, पिपलचौर मतदान केन्द्रमा यही मङ्सिर १० गते पुनः मतदान सम्पन्न भएकाले गणना हुन बाँकी छ।

दोलखा र स्याङ्जा सत्तापक्ष तथा प्रतिपक्षबीच विवादका कारण मतपेटिका सङ्कलन भइसके पनि मतदानस्थलमा पुनः मतदान गराउने या मतगणना सुरू गर्ने भन्ने विषयमा आयोगको निर्णयको प्रतीक्षा गरिएको छ।

# भन्सार छलेका रेडिमेड कपडा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर।**

भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याइएका रेडिमेड कपडाहरु प्रहरीले बरामद गरेको छ।

प्रहरीले जिल्लाको डाक्नेश्वरी नगरपालिका ४ स्थितमा भारतबाट भन्सार छली नेपालतर्फ ल्याइएका २ लाख ८४ हजार ७ सय मुल्य बराबरको बिभिन्न रेडिमेडका कपडाहरु बरामद गरेको हो।

तस्करहरुले प्रहरीलाई देख्नासाथ कपडा छोडी फरार भएको तथा बरामद कपडाहरु राजबिराज भन्सार कार्यालय तिलाठी पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

***स्थानियतहका...***

सशस्त्र प्रहरीका प्रमुख, नेपाल प्रहरीका डिएसपी, कृषी ज्ञान केन्द्रका प्रमुख, साल्ट ट्रेडिङका प्रतिनिधि तथा पत्रकारहरुको उपस्थिति रहेको थियो।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योती कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५१०६०१, ०३१५१०६०२,**
**www.janajyoticoop.com.np**



ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारी साधन पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*